आज मिति २०८३/०१/२८ गते दिउँसो १२:३० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

**तपसिलः**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | Parvati |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री हरि प्रसाद शर्मा | सदस्य सचिव | |

CamScanner

**आमन्त्रीत अन्य उपस्थिती:**

१. टिका सिंह विष्ट    कम्प्युटर अधिकृत    [signature]

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

CamScanner

**प्रस्तावहरुः**

प्रस्ताव नं. १. ईलाका प्रशासन कार्यालय व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. २. प्रदेश योजना माग सम्बन्धमा ।
प्रस्ताव नं. ३. सार्वजनिक जग्गा सम्बन्धमा ।
प्रस्ताव नं. ४. शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ५. ठेक्का सम्बन्धमा ।
प्रस्ताव नं. ६. म्याद थप सम्बन्धमा ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

**निर्णयहरु:**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा नयाँ स्थापना भएको ईलाका प्रशासन कार्यालय व्यवस्थापनमा सहयोगका लागि अनुरोध भई आएकाले प्रिन्टर, स्क्यानर लगायतका मालसमान उपलब्ध गराउने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

**निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आगामी आ.व. २०८२।०८३ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेश योजना माग गर्दा यस पालिका अन्तर्गत प्रत्येक वडाबाट आवश्यक योजनाहरुको विवरण सिफारिस सहित नगर पालिकामा पेश भएका योजनाहरु मात्र प्रदेश सरकारमा माग गरी पठाउने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

**निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा अतिक्रमण भएको सार्वजनिक जग्गाको विवरण तयार पार्नका लागि नापि तथा मालपोत कार्यालयसंगको समन्वयमा वडागत रुपमा अतिक्रमित जग्गाको पहिचान गरी पालिकागत विवरण तयार गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

**निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२।०८।०२ गतेको बैठकले गरेका देहायबमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

**देहायः**

नगरपालिकाका विद्यालय समायोजन भइ दरवन्दी मिलानका सन्दर्भमा गठित कार्यदलले कार्यसम्पादन गर्दा नेपाल सरकार **संघीय विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधी** र प्रदेश सरकार बाट सो सम्वन्धमा प्रेसित निर्देशन तथा परिपत्रहरु बाहेक नगरपालिकामा शिक्षक दरवन्दी मिलान गर्दा तपसिलका विषयहरुलाई शिक्षक दरवन्दी मिलानका आधारका रुपमा समावेश गरि संसोधनका गर्ने।

**क.** शिक्षक दरवन्दी मिलान गर्दा प्रत्येक कक्षा १० जना भन्दा कम विद्यार्थी संख्या रहेका वा औषत दश (१०) भन्दा कम रहेका विद्यार्थी भएका विद्यालयहरुलाई क्रमिक रुपमा समायोजन गर्दै लैजाने।

**ख.** समायोज भएका विद्यालयहरुको सम्पत्ती नजिकको माथिल्लो तह संचालित विद्यालयमा सार्ने विद्यार्थीहरुलाई निज विद्यार्थीहरुकै पाएक पर्ने विद्यालयमा स्थानान्तरण गर्ने र शिक्षक दरवन्दीलाई नगरपालिकाको पुल दरवन्दीमा राखि शिक्षक दरवन्दी मिलान गरि पदस्थापन गर्ने।

**ग.** दरवन्दी मिलान गर्दा वालविकास वाहेक आ.वि.(१-५) मा कम्तिमा ४ जना (१-८) मा ८ जना (१-१०) मा १२ जना र थप कक्षा सञ्चालित विद्यालयमा कम्तिमा ३ कक्षा सञ्चालनगरि पठनपाठन गर्नुपर्ने भए ४ जना थपका दरले शिक्षक दरवन्दी थप्दै लैजाने व्यवस्था गर्ने।

**घ.** दरवन्दी मिलान गर्दा स्थायी /करार/राहत/संघीय अनुदान र नगरअनुदान शिक्षकहरु संग भएको अध्यापन अनुमति पत्र र शैक्षिक योग्यता समेत मिलान हुनेगरी शिक्षक दरवन्दी मिलान गर्ने यसरी गर्दा उक्त विद्यालयबाट अर्को विद्यालयमा मिलान हुने दरवन्दी अनुसारको विषय शिक्षक उक्त विद्यालयको माथिल्लो तहमा कार्यरत भए वा आधारभूत तहमा कार्यरत शिक्षक मध्ये बाट समेत उक्त विषयको शिक्षक उपलब्ध रहेको अवस्थामा शिक्षक दरवन्दी अर्को विद्यालयमा मिलान गर्न सकिने।

**ङ.** दरवन्दी मिलान गर्दा महिला र अपांगता रहेका शिक्षकले प्राथमिकता पाउने गरी सम्वन्धीत विद्यालयबाट क्रमशः सम्वन्धीत वडामा रहेका विद्यालय त्यस पछि वडासंग जोडिएर रहेका विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान गरी

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

उक्त विद्यालयहरुबाट क्रमिक रुपमा सोहि वडा वा अन्य वडाहरुमा पुरुष शिक्षकहरु मध्येबाट कार्यसूचीका आधारमा वा शिक्षकहरुले घरपायक हुनेगरी मग गरेको आधारमा सरुवा गर्ने व्यवस्था गर्ने ।

**च.** शिक्षक दरवन्दी मिलान गर्दा विद्यालयको प्रशासनिक सुधार हुनेगरी हाल सम्म सञ्चालित तहमा स्थायी शिक्षक नभएका विद्यालयहरुमा स्थायी शिक्षकको दरवन्दी पुरयाउने व्यवस्था मिलाउने माध्यमिक तह (९-१२) मा अनिवार्य र अन्य तह रहेका विद्यालयमा क्रमिक रुपमा कम्तिमा १ स्थायी दरवन्दीको व्यवस्था गर्दै लैजाने यसरी शिक्षक दरवन्दी मिलान गर्दा मिलान हुने सम्भावना भएका शिक्षकहरु मध्ये आई.टी.क्षेत्रसमेतको ज्ञान भएको शिक्षकलाई प्राथमिकता दिने सो गर्न नसकिने अवस्थामा निकट भविष्यमा रिक्त हुने स्थायी दरवन्दीलाई प्राथमिकता दिइ मिलान गर्ने र यसरी मिलान भएको दरवन्दीमा कार्यरत शिक्षकलाई अपायक पर्ननदिने उद्धेश्यका लागी मिलान कार्य दरवन्दी रिक्त भएपछी कार्यान्वयनमा ल्याउने ।

**छ.** विद्यालयहरुमा स्थायी दरवन्दी मिलान गर्दा सकेसम्म स्थायी दरवनद् पाउने विद्यालयहरुबाट राहत संघीय अनुदान तथा नगर अनुदान मध्येबाट क्रमश: प्राथमिकताका आधारमा शिक्षक आएको तहको शिक्षक दरवन्दी मिलान गरि पठाउने वा नगरपालिकाको पुल दरवन्दीमा सो दरवन्दीको भए सो बाट मिलान गर्ने ।

**ज.** नगरपालिकामा रिक्त रहेका आधारभूत नगरअनुदानलाई यस मेलौली नगरपालिकाले नगरअनुदान दिन सुरु गर्नुपूर्वबाट विद्यालयमा स्थानीय स्रोत बाट नियुक्त भइ हाल सम्म निरन्तर सेवारत शिक्षकलाई नियुक्तिको जेष्ठताका आधारमा रिक्त दरवन्दीमा समायोजन गरी उक्त दरवन्दीलाई समेत दरवन्दी मिलान प्रक्रियामा समावेश गर्ने ।

**झ.** दरवन्दी मिलानका सन्दर्भमा गठित कार्यदलको कम्तिमा तीनवटा बैठक वसी विद्यालयको IEMIS डाटाको आधारमा शिक्षक दरवन्दीको आवश्यकता एकिन वितरणको खाका निर्माण र दरवन्दी मिलानको प्रस्तावित विवरण तयार गरी नगर शिक्षा समितिको बैठकबाट सोहि प्रस्तावित विवरण तथा थप संसोधनको विवरण तयार गरी नगरकार्यपालिकामा पेश गर्ने र नगरकार्यपालिकाबाट सोहि प्रस्तुत विवरण वा संसोधन सहित अनुमोदन गरेको दरवन्दी मिलान सम्वन्धी भएको निर्णय कार्यान्वयनमा लैजाने ।

**ञ -** मेलौली नगरपालिकाको नगर अनुदान शिक्षकहरु मध्ये माध्यमिक तह कक्षा (९-१०) मा विज्ञान विषयको हकमा मात्र शिक्षक छनोट गर्दा माध्यमिक तहको नेपाल सरकारको प्रचलीत नियमानुसारको तलब स्केल पाउने गरी तलब भत्ताको व्यवस्था हुनेछ। तर यसरी शिक्षक भर्ना गर्दा कुनै पनि विद्यालयमा नेपाल सरकारको स्वीकृत दरवन्दी, शिक्षण सहयोग अनुदान राहत कोटा वा अन्य कुनै खालको दरवन्दीमा विज्ञान विषयमा शिक्षक दरबन्दी नभएको विद्यालयलाई मात्र नगरपालिका अनुदानमा प्रचलित नियमानुसारको तलब भत्तामा भर्ना गर्न मिल्ने गरी शिक्षा अनुदान कार्यविधी संसोधन गर्ने ।

**ट.-** कार्यविधिमा प्रधानाध्यापक नियुक्ति सम्वन्धी गरेको व्यवस्थामा नगर अनुदान शिक्षक र संघीय अनुदान वालविकास शिक्षक मध्ये दुवै वा कुनै एकमात्र दरवन्दी रहेको विद्यालयमा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको शिक्षक वा वालविकासलाई प्रधानाध्यापक नियुक्त गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था थप गर्ने ।

**ठ.-** कार्यविधिमा विद्यालयहरुलाई नगर अनुदान वितरण गर्ने सम्वन्धी गरेको व्यवस्थामा मेलौली नगरपालिकाको शिक्षक दरवन्दी मिलान कार्यदलबाट सिफारिस भइ थप अनुदान शिक्षक खटाउनुपर्ने अवस्थामा विद्यालयलाई थप अनुदान कोटा समायोजन गर्न वाधा पर्ने छैन भन्ने व्यवस्था थप गर्ने ।

**समायोजनमा परेका विद्यालयमा शिक्षक समायोजन सम्वन्धी वनेको कार्यदलको देहायबमोजिमको प्रतिवेदन अनुमोदन गर्ने ।**

**देहाय:**

**मेलौली नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रहेको शिक्षक समायोजन सम्वन्धी कार्यदलबाट प्रस्तावित प्रतिवेदन विवरण २०८२**

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम थर | शिक्षकको किसिम | समायोजन भएको विद्यालय/शिक्षक |
|---|---|---|---|---|
| १ | गोपाञ्चल आ.वि. | नरेश सिह नायक | नगर शिक्षक (१-५) काज | जनचेतना आ.वि.गँगापुर |
| २ | केदार आ.वि.अम्तडी | जनक वहादुर चन्द | नगर शिक्षक (१-५) काज | केदार आ.वि.द्धारसैनी |
| ३ | नैनेश्वरी आ.वि.सिराड | विन्दा चन्द | राहत (१-५) (काज ) | नैनेस्वरी आ.वि.सिराड |
| ४ | केदार आ.वि.द्धारसैनी | सुनकेशरी क्षेत्री | नगर शिशु.(काज) | जनचेतना आ.वि.गंगापुर |
| ५ | केदार आ.वि.द्धारसैनी | पुस्कर सिह नायक | नगर शिक्षक (१-५) काज | लक्ष्मीपुर आ.वि.लामालेक |
| ६ | दुर्गा आ.वि.जर्कु | राजु नायक | नगर शिशु काज | दुर्गा आ.वि.जर्कु, |
| ७ | केदार आ.वि.नङरौं | उत्तर सिह नायक | नगर शिक्षक (१-५) | दुर्गा आ.वि.जर्कु |
| ८ | विशालपुर मा.वि. | केशव सिहं | स्थायी आ.वि.(१-८) | जनचेतना आ.वि.गँगापुर काज सरुवा |
| ९ | केदारेश्वर मा.वि.दुर्गास्थान | नारायण दत्त जोशी | स्थायी मा.वि.विज्ञान | धर्मघर मा.वि.सलेना,मेलौली-२,काज |
| १० | केदारेश्वर मा.वि.दुर्गास्थान | गोपाल दत्त बडु | राहत (१-५) | शान्तीप्रकाश आ.वि.ढणौन |
| ११ | धर्मघर मा.वि.सलेना | सकुन्तला भट्ट जोशी | संघीय का.स.काजमा | धर्मघर मा.वि.सलेना,मेलौली-२, |
| १२ | धर्मघर मा.वि.सलेना | सरस्वती भट्ट | स्थायी आ.वि.(१-५) काज | धर्मघर मा.वि.सलेना |
| १३ | धर्मघर मा.वि.सलेना | जानकी भट्ट | राहत आ.वि.(१-५) काज | धर्मघर मा.वि.सलेना |
| १४ | सुदर्शन मा.वि.लिखोडा | दिपेन्द्र भट्ट | राहत आ.वि.(१-५) काज | सुदर्शन मा.वि.लिखोडा |
| १५ | सुदर्शन मा.वि.लिखोडा | माधवी भट्ट | नगर आ.वि.(१-५) काज | सुदर्शन मा.वि.लिखोडा |
| १६ | केदार आ.वि.कुजागाड | कलावती भाट | स्थायी आ.वि.(१-५) काज | केदार आ.वि.कुजागाड |
| १७ | विजयपुर मा.वि.तितावै | मिना चन्द | नगर शिशु काज | विजयपुर मा.वि.तितावै |
| १८ | विजयपुर मा.वि.तितावै | मधन चन्द | संघीय का.स. काज | विजयपुर मा.वि.तितावै |
| १९ | विजयपुर मा.वि.तितावै | रमेश सिह नायक | करार (१-५) | गोपाञ्चल आ.वि.झुसिल |
| २० | गोपाञ्चल आ.वि.झुसिल | लक्ष्मन सिह महता | करार (१-५) | भरतपुर मा.वि.गाउँकोट |
| २१ | भरतपुर मा.वि.गाउँकोट | इश्वरी दत्त जोशी | स्थायी (१-५) | विजयपुर मा.वि.तितावै |
| २२ | दुर्गा मा.वि.खलिगाड | धनवीर सिह पुजारा | नगर शिक्षक (१-५) काज | दुर्गा मा.वि.खलिगाड |

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २३ | दुर्गा मा.वि.खलिगाड | रवेन्द्र कठरीया | स्थायी (१-५) काज | दुर्गा मा.वि.खलिगाड |
| २४ | कोटेश्वर आ.वि.कपर्त | पुष्पा चन्द | राहत (१-५) काज | कोटेश्वर आ.वि.कपर्त |
| २५ | चन्द्रपुर आ.वि.सेरा | दुर्गा दत्त भटराई | संघीय अनुदान (१-८ विज्ञान) | मणिलेक मा.वि.काडाँ,काज सरुवा |
| २६ | मणिलेक मा.वि.काडाँ | राज सिह पुजारा | स्थायी (१-८) विज्ञान | चन्द्रपुर आ.वि.सेरा, काज सरुवा |
| २७ | धर्मघर मा.वि.सलेना | मुकेश राम तिरुवा | स्थायी (१-८) नेपाली | जगदम्बा मा.वि.हतंगा,काज सरुवा |
| २८ | नेत्रज्योती आ.वि.काडाँ | विना भट्ट | आ.वि.(१-५) राहत | कमलपुर मा.वि.कोटिगाउँ,मेलौली-८ |
| २९ | नेत्रज्योती आ.वि.काडाँ | अम्बिका भट्ट | आ.वि.(१-५) राहत | मणिलेक मा.वि.काडाँ,मेलौली-७ |
| ३० | रिंगा वाल विकास-७ | सुनिता चन्द | नगर वा.वि.के | लक्ष्मीपुर आ.वि.पचकोरा |
| ३१ | लक्ष्मीपुर आ.वि.पचकोरा | चेत वहादुर चन्द | आ.वि.(१-५) स्थायी | शारदा आ.वि.रड्मा,मेलौली-१ |
| ३२ | लक्ष्मीपुर आ.वि.लामालेक | पदम दयाल | आ.वि.(१-५) स्थायी | लक्ष्मीपुर आ.वि.पचकोरा मेलौली-७ |
| ३३ | लक्ष्मीपुर आ.वि.पचकोरा | डल्ली भाट | नगर अनुदान (१-५) काज | नेत्रज्योती आ.वि.काडाँ,मेलौली-७ |
| ३४ | शिव आ.वि.असुर | पदम राज भट्ट | नगर अनुदान (१-५) काज | शिव आ.वि.असुर |
| ३५ | शिव आ.वि.असुर | कमला लुहार | संघीय शिशु | विशालपुर मा.वि. |
| ३६ | विशालपुर मा.वि.विशालपुर | सर्मिला चन्द | नगर अनुदान (१-५) | कमलपुर मा.वि.कोटीगाउँ |
| ३७ | मणिलेक मा.वि.काडा | धर्मानन्द जोशी | स्थायी मा.वि.गणित | विशालपुर मा.वि.विशालपुर काज सरुवा |
| ३८ | विशालपुर मा.वि. | तेज वहादुर चन्द | राहत मा.वि.गणित | मणिलेक मा.वि.काडाँ,काज सरुवा |
| ३९ | जनचेतना आ.वि.देही | लक्ष्मी दत्त भटराई | संघीय (१-८) विज्ञान | विशालपुर मा.वि.विशालपुर काज |
| ४० | विशालपुर मा.वि. | विना कुमारी धामी | राहत (१-५) | गंगेश्वर आ.वि.नयाँ कोटिगाउँ |
| ४१ | गंगेश्वर आ.वि.नयाँ कोटिगाउँ | लक्ष्मी चन्द | राहत (१-५) | विशालपुर मा.वि.विशालपुर |

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

हाल सम्म पनि समुदायमा सञ्चालनमा रहेका निम्न विद्यार्थी भएका नगर वालविकास केन्द्रहरु सम्वन्धीत वडाको सम्भावित विद्यार्थी संख्या पुगेको विद्यालयमा समायोजन तथा व्यवस्थापन गर्ने गरी तपसिलका सामुदायिक वालविकास केन्द्रहरुलाई समायोजन गर्ने ।

तपिसल:

मेलौली नगरपालिका अन्तर्गतका समुदायहरुमा सञ्चालनमा रहेका नगर वालविकास केन्द्र समायोजन सम्वन्धी कार्यदलबाट प्रस्तावित प्रतिवेदन विवरण २०८२

| क्र.सं. | वालविकास केन्द्र नाम | शिक्षकको नाम थर | दरवन्दीको किसिम | समायोजन भएको विद्यालय |
|---|---|---|---|---|
| १ | गुइला सा.वा.वि.के. | सुनकेशरी क्षेत्री | नगर वा.वि.के. | जनचेतना आ.वि.गंगापुर,मे.न.पा.-१ |
| २ | व्रम्हदेव वा.वि.के. | सरस्वती चन्द | नगर वा.वि.के. | भवानीस्थान आ.वि.भोरा,मे.न.पा.-२ |
| ३ | वेतालदेव वा.वि.के. | चनमती कु.धनाडी | नगर वा.वि.के. | कमलपुर मा.वि.कोटिगाउँ,मे.न.पा.-८ |
| ४ | ज्योती वा.वि.के. | सुनिता चन्द | नगर वा.वि.के. | लक्ष्मीपुर आ.वि.पचकोरा, मे.न.पा.-७ |

निर्णय कार्यान्वयनका क्रममा कुनै समस्या/गुनासो देखिएमा विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान व्यवस्थापन कार्यदलले थप समन्वय गरी समस्या समाधान सहितको प्रतिवेदन पेश गर्ने ।

<u>निर्णय नं. ५.</u> प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा विविध कारणबस तोकीएको समयमा कार्य सम्पन्न हुन नसकेको तपसिलवमोजिमको ठेक्काको म्याद थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | म्याद थप अवधि |
|---|---|---|---|
| १. | 16/MBM2077/078 | Melauli Bhagwati Mandir jane bato, Mandir park nirman tatha parisar gherprakhal nirman | २०८३ चैत्र मसान्तसम्म |

<u>निर्णय नं. ६.</u> प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको १५ शैयाको अस्पताल निर्माण कार्यका लागि जग्गा व्यवस्थापन तथा सहजिकरण समितिले विविध कारणबस तोकीएको समयसिमा भित्र प्रतिवेदन पेश गर्न नसकेकोले २०८३ जेठ २० गतेसम्म म्याद थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरीयो ।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner